# निजगढ राजपत्र

## निजगढ नगरपालिकाद्वारा प्रकाशित

खण्डः १ संख्याः १ निजगढ, चैत्र १३ गते २०७९ साल


# निजगढ नगरपालिकाको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, माटो, दहत्तर बहत्तर) उत्खनन, संकलन र बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ.(६), प.(७) तथा दफा ६२क.(१) तथा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा २० ले गरेको व्यवस्थालाई कार्यान्वयन गर्दै निजगढ नगरपालिका क्षेत्र भित्र रहेका नदी, खोला, सार्वजनिक तथा निजी जग्गाबाट ढुङ्गा, गिट्टी, वालुवा, माटोको उत्खनन, संकलन तथा बिक्री वितरणलाई व्यवस्थित गरी विकास निर्माणको लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अभाव हुन नदिई सहज रूपमा आपूर्ती गराई नदीजन्य पदार्थको अनियन्त्रित दोहनलाई निरूत्साहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजस्व सङ्कलनलाई व्यवस्थित गर्न व्यवहारिक प्रकृया निर्धारण गर्न बाञ्छनीय भएकोले निजगढ नगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ५७(२) बमोजिम निजगढ नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "निजगढ नगरपालिकाको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, माटो, दहत्तर बहत्तर) उत्खनन, सङ्कलन र बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १० बमोजिम गठन हुने समितिलाई सम्झनु पर्छ । सो शब्दले जिल्ला अनुगमन समिति र नाका व्यवस्थापन अनुगमन समिति समेतलाई जनाउनेछ ।

(ख) "अमानत" भन्नाले नगरपालिका आफैंले सिधै गर्ने काम वा आय सङ्कलन गर्ने कार्य सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले निजगढ नगरकार्यपालिका सम्झनु पर्छ ।

(घ) "कार्यविधि" भन्नाले निजगढ नगरपालिकाको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, माटो, दहत्तर बहत्तर) उत्खनन, संकलन र बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७९ लाई सम्झनु पर्छ ।

(ङ) "घाटगद्दी" भन्नाले नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर) संकलन वा उत्खनन भएको स्थानलाई सम्झनुपर्छ ।

(च) "नगरपालिका" भन्नाले निजगढ नगरपालिका सम्झनु पर्छ ।

(छ) "नगरसभा" भन्नाले निजगढ नगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

(ज) "नदीजन्य पदार्थ" भन्नाले नदी वा नदी किनारामा उपलब्ध भएको ढुङ्गा, गिट्टी, वालुवा, रोडा, गेग्रान, माटो जस्ता पदार्थ सम्झनु पर्छ ।

(झ) "नदी किनारा" भन्नाले नदी वहाव क्षेत्रबाट दायाँ र बाँया एक किलो मिटरसम्मको क्षेत्र सम्झनु पर्छ ।

(ञ) "प्रमुख" भन्नाले निजगढ नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ट) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

**३. कार्यविधिको उद्देश्य :**

(१) नदीजन्य पदार्थको उत्खननलाई व्यवस्थित बनाउने ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट भए गरेका निर्णय कार्यान्वयन गर्ने र गराउने ।

(३) विकास निर्माणको लागि एवं स्थानीय उपभोक्तालाई नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर) सुलभ र दीगो रुपमा उपलब्ध गराउने ।

(४) विकास र पर्यावरण बीच सन्तुलित सम्बन्ध कायम राख्ने ।

(५) ढुङ्गा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर बिक्री वितरण गरी दीगो आन्तरिक स्रोतको व्यवस्थापन गर्ने ।

(६) नदीमा थुप्रिएर रहेको नदीजन्य पदार्थ हटाई विपदलाई न्यूनीकरण गर्ने ।

(७) सार्वजनिक विकास निर्माणका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अभाव हुन नदिने ।

४. **नदीजन्य पदार्थको उत्खनन र संकलन सम्बन्धी क्षेत्र निर्धारणः**

(१) नगरपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन तथा सङ्कलन गरीने क्षेत्र निर्धारण देहायको आधारमा गर्नेछः-

(क) वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित क्षेत्रबाट मात्र ढुङ्गा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन तथा सङ्कलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ तर हालको नदीको बहाव तथा जोखिमको आधारमा नगरस्तरीय अनुगमन समितिले यस्तो क्षेत्रलाई थपघट गर्न सक्नेछ ।

(ख) नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलन गर्ने गरी स्वीकृत बातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरु,

(ग) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा, गिट्टी र माटोजन्य पदार्थ थुप्रिन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुनसक्ने अवस्था सिर्जना भै प्राविधिक टोलीको सिफारिशका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिद्वारा त्यस्ता पदार्थ हटाउनु पर्ने भनी विस्तृत विवरण तथा सीमाङ्कन सहित तोकेका स्थलहरू,

(घ) निजि जग्गाबाट उत्खनन गरी ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ निकाल्न कानून बमोजिम अनुमती प्रदान गरिएको क्षेत्र,

(ङ) प्रचलित कानून बमोजिम खानी तथा क्रसर उद्योग सञ्चालन र निर्माण सामाग्री आपूर्तिको लागि तोकिएको क्षेत्र ।

(२) उपदफा (१) बमोजिमको कुनै क्षेत्रमा यस मापदण्ड बमोजिम नदीजन्य पदार्थको उत्खनन र सङ्कलनको व्यवस्था नगरपालिकाले मिलाउन सक्नेछ ।

## परिच्छेद २

## नदीजन्य पदार्थको उत्खनन संकलन तथा बिक्री वितरण सम्बन्धी व्यवस्था

५. **नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा बिक्रीः** (१) निजगढ नगरपालिकाले

आफ्नो क्षेत्र भित्रको ढुङ्गा, गिट्टी, वालुवा, माटो तथा दहत्तर बहत्तर जस्ता बस्तुको उत्खनन सङ्कलन तथा बिक्रीको ठेक्का बन्दोबस्त गर्दा देहाय बमोजिम गरी सम्पन्न गर्नेछ।

(क) उत्खनन, सङ्कलन तथा बिक्रीको संयुक्त ठेक्का बन्दोबस्त,

(ख) उत्खनन् संकलनको मात्र ठेक्का बन्दोबस्त,

(ग) बिक्रीको मात्र ठेक्का बन्दोबस्त,

(घ) अमानत लगायत अन्य बैकल्पिक व्यवस्था ।

(२) यस दफाको उपदफा (१) को खण्ड (क) बमोजिम ठेक्का बन्दोबस्त गर्दा ढुङ्गा, गिटी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम गर्नुपर्नेछ।

(३) यस दफाको उपदफा (१) को खण्ड (क) बमोजिम ठेक्का बन्दोबस्त हुन नसकेमा वा कार्यपालिकाले उत्खनन् संकलन र बिक्रीको लागि छुट्टा छुट्टै ठेक्का बन्दोबस्त गर्न चाहेमा यसै कार्यविधि बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम बोलपत्र आव्ह्यन गर्दा प्रथम पटकको सूचना प्रकाशन गर्दा कम्तिमा १५ दिनको म्याद राखी राष्ट्रिय स्तरको पत्रिका मार्फत सूचना प्रकाशन गर्नुपर्नेछ ।तर प्रथम पटकको सूचना प्रकाशन गर्दा निर्धारीत समयावधिमा कुनैपनि बोलपत्र प्रस्ताव प्राप्त हुन नआएमा वा प्राप्त प्रस्ताव सारभूत रुपमा प्रभावग्राही नभएमा दोश्रो पटकको हकमा कम्तिमा ७ दिनको म्याद राखी राष्ट्रिय स्तरको पत्रिका मार्फत सूचना प्रकाशन गर्नुपर्नेछ ।

**६. नदीजन्य पदार्थको उत्खनन र संकलन सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाले नदीजन्य पदार्थको संकलन र उत्खनन गर्नुपूर्व देहाय बमोजिम गर्नुपर्नेछः

(क) उत्खनन, संकलन तथा बिक्री वितरण गर्दा कार्यपालिकाबाट स्वीकृत कार्ययोजना या कार्यपालिकाको निर्णयानुसार गर्ने ।

(ख) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने गराउने,

(ग) प्रत्येक वर्ष ठेका बन्दोबस्त गर्नुपूर्व वा नगरपालिका स्वयंले उत्खनन तथा सङ्कलन गर्नु पूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः एकिन गर्ने,

(घ) उत्खनन हुने परिमाण यकिन गर्दा वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम अनुगमन समिति, नगरपालिकाको जनप्रतिनिधि, प्राविधिक कर्मचारी तथा स्थानीय

बासिन्दाको रोहवरमा चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन गरीने गहिराई समेत जानकारी गराई सीमाङ्कन गर्नुपर्दछ ।

(ङ) नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन, सङ्कलनको अनुमती र बिक्रीको लागि व्यवस्था मिलाउने ।

(२) नदीजन्य पदार्थको सङ्कलन, उत्खनन र बिक्री गर्नु पूर्व ***अनुसूची -१*** बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई उत्खनन, सङ्कलन तथा बिक्री कार्य गर्नुपर्नेछ।

(३) नदीजन्य पदार्थको उत्खनन र सङ्कलनको लागि नगरपालिकाको कार्यालयले घटाघटको ठेक्का आह्वान गर्न सक्नेछ ।

(४) उपदफा ३ वमोजिम ठेक्का बन्दोवस्त सम्बन्धी सूचना ***अनुसूची -२*** बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ । ठेक्का सम्झौता गरी त्यस्तो सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसंग ***अनुसूची -३*** बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी ***अनुसूची -४*** बमोजिमको ढाँचामा उत्खनन तथा सङ्कलन पट्टा फाराम दिनु पर्नेछ ।

(५) नदीजन्य पदार्थ उत्खनन गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्नेछ । तर, मेशिनको प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त र सीमा भित्र रहेर गर्नुपर्नेछ । साथै विपद् जोखिम संवेदनशील क्षेत्रमा मेशिनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिको अनुमती लिनु पर्नेछ ।

(६) उत्खनन गरी सकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा

वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याई राख्नुपर्नेछ ।

(७) उत्खनन र सङ्कलन गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त तथा जिल्ला/नगर अनुगमन समितिले दिएका निर्देशनहरू समेतको पालना गर्नु पर्नेछ ।

(८) उत्खनन गर्दा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रबाट मात्र उत्खनन गर्नु पर्नेछ ।

(९) उत्खनन गर्दा तोकिएको गहिराई भन्दा बढी खाडल नहुने गरी उत्खनन गर्नु पर्नेछ ।

(१०) उत्खनन गर्दा पानीको सतहभन्दा १५ सेन्टिमिटर माथि छाड्नु पर्नेछ ।

(११) वन, राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तथा चुरे क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन तथा सङ्कलन गर्दा बाताबरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित विधि र सम्बन्धित निकायको सहमति तथा स्वीकृत मापदण्ड र नगरपालिकाको प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(१२) यस दफा बमोजिम उत्खनन तथा सङ्कलन कार्य गर्दा नदीको वहाव परिवर्तन नहुने साथै सिंचाई प्रणाली लगायतका संरचनालाई समेत असर नपर्ने गरी गर्नु पर्नेछ ।

(१३) नदीजन्य पदार्थको उत्खनन कार्य सूर्यास्त देखि सूर्योदय नहुँदासम्म गर्न पाईने छैन ।

(१४) ढुङ्गा, गिट्टी, वालुवा, माटो चट्टान, दहत्तर बहत्तर उत्खनन तथा सङ्कलन कार्य असार १ गते देखि भाद्र मसान्तसम्म गर्न पाईने छैन ।

(१५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बाढी, पहिरो, डुबानले राजमार्ग, खेतवारी, गाउँ, वस्ती, शहर

बजार, पक्की पुल जस्ता क्षेत्रमा थुपारेको ढुङ्गा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर बहत्तर हटाउनु पर्ने भएमा नगरपालिकाले वा नगरपालिकाको सहमती लिई मार्का पर्ने जोसुकैले हटाउन सक्नेछ ।

## ७. नदीजन्य पदार्थको ओसारपसारको विधिः

नदीजन्य पदार्थ ओसारपसार गर्ने ढुवानीकर्ताले देहाय बमोजिम गर्नुपर्नेछः

(१) नदीजन्य पदार्थ ओसारपसार गर्ने मार्ग दफा १० अनुसार गठित अनुगमन समितिले तोके बमोजिम हुनेछ ।

(२) उत्खनन स्थलबाट नदीजन्य पदार्थको ओसारपसार गर्दा ***अनुसूची -५*** बमोजिमको नदी प्रवेश आदेश र राजस्व तिरेको निस्सा साथमा लिएर मात्र गर्नुपर्नेछ ।

(३) नदीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले ***अनुसूची-६*** बमोजिमको पटके नदी प्रवेश आदेश र राजस्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसँग भर्न लगाई लिनु पर्नेछ ।

(४) नदीजन्य पदार्थको ओसार पसार गर्ने समय वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनेछ ।

(५) ढुवानी गर्ने साधनले उत्खनन वा सङ्कलन स्थलदेखि अन्तिम गन्तव्यसम्म ४० कि.मी. प्रति घण्टा भन्दा बढी गतिमा सवारी साधन गुडाउन र प्रेसर हर्न प्रयोग गर्न पाइने छैन ।

(६) ढुवानी गर्दा ढुवानी गर्ने साधनले धुलो नउड्ने गरी उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्नेछ । पिच सडकमा पानी चुहिने तथा सामाग्री पोखिने गरी ढुवानी गर्न पाईने छैन ।

(७) मूल बाटोबाट सङ्कलन तथा उत्खनन् स्थलतर्फ सवारी साधन प्रवेश हुने मार्गमा धुलो उड्न नदिन नियमित पानी छर्कने व्यवस्था उत्खननकर्ताले गर्नु पर्नेछ ।

(८) ढुवानीको साधनको बहन गर्न पाउने तौल क्षमता भित्र रहेर र सामाग्रीको तौल वा आयतन बराबर पुरा बील काटी नदीजन्य पदार्थ ढुवानी गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम ढुवानी भए नभएको सम्बन्धमा अनुगमन स्थानीय प्रहरी, दफा १० बमोजिम गठन भएको अनुगमन समिति तथा नगरकार्यपालिको कार्यालयले गर्न सक्नेछ

## ८. उत्खनन वा सङ्कलनको परिमाण नियन्त्रणः

(१) नगरपालिकाले उत्खनन वा सङ्कलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन र सङ्कलन हुन नदिन सङ्कलन तथा उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खनन वा सङ्कलनको क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिई देहाय अनुसार गर्नुपर्नेछ।

(क) उपदफा (१) बमोजिम उत्खनन वा सङ्कलन गर्ने स्वीकृति दिइएको क्षेत्रको नगरपालिकाले नियमित अनुगमन गर्नु पर्नेछ ।

(ख) अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खननयोग्य परिमाण र क्षेत्रको उत्खनन भैसकेको पाइएमा अनुगमन समितिले थप सङ्कलन वा उत्खनन कार्य बन्द गर्ने निर्देशन दिन सक्नेछ ।

(ग) नदी किनारा, वन क्षेत्र, सार्वजनिक स्थान वा निजि जग्गा लगायत कुनै पनि ठाउँमा भण्डारण गरी राखिएको अवैध नदीजन्य पदार्थ नगरपालिकाले जफत गरी लिलाम बिक्रिको व्यवस्था गर्न सक्नेछ। साथै नगरपालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक वर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ ठेक्का सम्झौताको शर्त अधिनमा रही जफत गरी लिलाम बिक्री गर्ने व्यवस्था मिलाउनेछ ।

(घ) उत्खनन वा सङ्कलनकर्ताले उत्खनन, सङ्कलन वा ढुवानी गरेको परिमाणको दैनिक अभिलेख ***अनुसूची -७*** बमोजिमको र दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरिज ***अनुसूची-८*** बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(ङ) दैनिक उत्खनन तथा सङ्कलन तेरिज तयार गरी नगरपालिकामा पठाउने र नगर कार्यपालिकाको कार्यालयले त्यसको अभिलेख राख्ने व्यवस्था मिलाउनेछ ।

(च) घाटगद्दी स्थल तथा ढुवानी हुने नाकालाई प्रविधिमैत्री (सि सि टि.भि. कम्प्युटर अभिलेख) बनाउँदै सेक्युरिटी जनशक्तिको समेत व्यवस्था गर्नुपर्नेछ ।

(छ) भण्डारण र घाटगद्दी स्थल सम्बन्धी व्यवस्था नगर स्तरीय अनुगमन समितिको सिफारिसमा कार्यपालिकाको बैठकले निर्धारण गर्नेछ ।

(ज) पटके आदेशमा उल्लेख भएको परिमाण र घाटगद्दीमा आईपुगेको परिमाणको नापजाँच गरी खटिएका कर्मचारीले दैनिक घाटगद्दी भएको परिमाणको अभिलेख राख्नु पर्नेछ ।

## ९. नदीजन्य पदार्थको बिक्री वितरण सम्बन्धी व्यवस्थाः

(१) नदीजन्य पदार्थको बिक्री वितरणको लागि नगरपालिकाले बढाबढको ठेक्का आह्वान गर्न सक्नेछ ।

(२) नदीजन्य पदार्थको बिक्रीको ठेक्का बन्दोवस्त सम्बन्धी सूचना ***अनुसूची -९*** बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ । ठेक्का सम्झोता गरी त्यस्तो सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसंग ***अनुसूची -१०*** बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी ***अनुसूची -११*** बमोजिमको ढाँचामा बिक्री पट्टा फाराम दिनु पर्नेछ ।

(३) नदीजन्य पदार्थको न्यूनतम बिक्री मूल्य कायम गर्दा नगरपालिकाको आर्थिक ऐनमा तोकिएको दर रेटमा मूल्य अभिबृद्धिकर, उत्खनन खर्च, ढुवानी भाडा र सेवा शुल्क समेत समावेश गरी नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(४) नदीजन्य पदार्थको बिक्री वितरण सम्बन्धी अन्य शर्तहरू नगरपालिका र ठेकेदार बिच ***अनुसूची -१०*** तथा सम्झौताका बखत उल्लेख भए बमोजिम हुनेछ ।

(५) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै राष्ट्रिय वा प्रादेशिक आयोजनाको सम्बन्धमा सो आयोजनासँग सम्बन्धित कार्यालयबाट माग वा सिफारिस भई आएमा वा कुनै व्यक्ति, फर्म, उद्योग वा कम्पनीले आवाश्यक्ता जनाई माग गरेमा नगरकार्यपालिकाको कार्यालयले तोकिए बमोजिमको राजस्व लिई आई. ई. ई. भएको क्षेत्रबाट नदीजन्य पदार्थ उपलब्ध गराउन सक्नेछ। यसरी नदीजन्य पदार्थ उपलब्ध गराउँदा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई पहिलो प्राथमिकतामा राख्नु पर्नेछ।

(६) उत्खनन, सङ्कलन तथा बिक्रीको परिमाणको अभिलेख राख्न नगरकार्यपालिकाले उत्खनन स्थलमा आवाश्यकता अनुसार कर्मचारी खटाउन सक्नेछ ।

(७) स्थानीय आवश्यकता पूर्तिको लागि नदीजन्य पदार्थको आपूर्ति कार्यपालिकाको निर्णयानुसार हुनेछ।

## *परिच्छेद ३*

## <u>अनुगमन सम्बन्धी व्यवस्था</u>

**१०. अनुगमन समितिः** (१) वातावरणीय अध्ययन प्रतिवेदनको पालना, उत्खनन परिमाणको नियन्त्रण, राजस्व चुहावट तथा चोरी नियन्त्रण लगायतका कार्यहरूको अनुगमन गर्न देहाय बमोजिमको नगरस्तरीय एक अनुगमन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | नगर उपप्रमुख | संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) | वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | सदस्य |
| (घ) | कार्यपालिकाले तोकेको दुई जना कार्यपालिका | सदस्य |
| (च) | स्थानीय नेपाल प्रहरीको प्रमुख वा प्रतिनिधि | एक जना |
| (ज) | स्थानीय ट्राफिक कार्यालयको प्रमुख वा प्रतिनिधि | सदस्य |
| (झ) | योजना शाखा प्रमुख | |
| (ञ) | राजस्व शाखा प्रमुख | |

(२) अनुगमन समितिले जुनसुकै बेला अनुगमन गरी निर्देशन दिन सक्नेछ ।

(३) अनुगमन समितिले अनुगमनको क्रममा देखेका विषयहरूमा आवाश्यक सुधारका लागि दिएको निर्देशन सम्वन्धित उत्खननकर्ता वा सङ्कलनकर्ताले अनिवार्य रूपमा पालना गर्नुपर्नेछ ।

(४) अनुगमन समितिले दिएको निर्देशन पालना नगर्ने उत्खनन, सङ्कलन वा ढुवानीकर्तालाई समितिको निर्देशन पालना नगरेसम्म उत्खनन, सङ्कलन वा ढुवानी कार्यमा रोक लगाउन सकिनेछ ।

(५) उपदफा (४) बमोजिम रोक लगाईएकोमा सम्बन्धित उत्खनन, सङ्कलन वा ढुवानीकर्तालाई समितिको निर्देशन बमोजिमको शर्त पुरा गरेको अवस्थामा रोक्का फुकुवा गर्न सकिनेछ ।

(६) अनुगमनका क्रममा ठेक्काको शर्त उल्लङ्घन गरेको वा राजश्व छली गरी उत्खनन तथा ओसारपसार गरेको पाईएमा त्यस्तो सङ्कलनकर्ता, उत्खननकर्ता र ढुवानीकर्तालाई अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्ने निर्देशन दिन, सचेत गराउन वा अवैध मालवस्तु जफत गरी जरिवाना समेत तोक्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम जफत गरिएको मालवस्तु नगरपालिकाले प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी नगरपालिकाको सञ्चित कोषमा आम्दानी जनाउने छ ।

(८) अनुगमन समितिले आवाश्यक्ता अनुसार अनुगमन उप समिति गठन गर्न सक्नेछ ।

(९) पटके नदी प्रवेश आदेश, उत्खनन कर्ताले राख्ने नदीजन्य पदार्थको दैनिक उत्खनन अभिलेख, नदीजन्य पदार्थको दैनिक पटके बिक्री अभिलेख तेरिजको ढाँचा अनुगमन समितिले निर्धारण गर्नेछ ।

(१०) यस कार्यविधिमा अन्यत्र उल्लेख गरिएको कार्यहरू देखि बाहेक अनुगमन समितिले उत्खनन स्थल निर्धारण, क्षेत्रफल तथा गहिराइको अनुगमन र खन्न सक्ने अधिकतम गहिराइको निर्धारण जस्ता विषयहरूको निक्यौंल गर्नेछ ।

(११) अनुगमनको सन्दर्भमा तोकिएको मापदण्ड बिपरीत कार्य भएको पाईएमा वा नदी प्रवेश आदेश नलिई नदी प्रवेश गरेको भेटिएमा वा राजस्व नबुझाई नदीजन्य पदार्थ ओसारपसार

गरेको पाईएमा अनुगमन समितिले तत्कालै नदीजन्य पदार्थ बोकेको सवारी साधन पक्री नदीजन्य पदार्थ जफत गरी जरीवाना समेत तोक्न सक्नेछ ।

१२. **नाका व्यवस्थापन अनुगमन समितिः** नदीजन्य पदार्थको उत्खनन, सङ्कलन र ढुवानी गर्दा प्रयोग हुने नाकाहरूलाई व्यवस्थापन गर्न नगरपालिकाले देहाय वमोजिमको एक नाका व्यवस्थापन अनुगमन समिति गठन गर्न सक्नेछ ।

(क) सम्वन्धित वडाको वडा अध्यक्ष संयोजक

(ख) नाका नजिकको क्षेत्र हेर्ने नेपाल प्रहरीको प्रमुख वा प्रतिनिधि सदस्य

(ग) नाका नजिकको क्षेत्र हेर्ने शसस्त्र प्रहरीको प्रमुख वा प्रतिनिधि सदस्य

(घ) नाका नजिकको क्षेत्र हेर्ने वन कार्यालयको प्रमुख वा प्रतिनिधि सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगरपालिकाको कर्मचारी सदस्य सचिव

१३. **कार्यदलः** नगरपालिकाको कार्यालयले नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा ढुवानी सम्बन्धी कार्य यस कार्यविधि र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न प्राविधिक कर्मचारीको संयोजकत्वमा कार्यदल गठन गर्नेछ । सो कार्यदलले नियमित रूपमा घाटगद्दीको अनुगमन गरी दफा ८(१)(ज) बमोजिमको अभिलेख राख्नु पर्नेछ ।

*परिच्छेद ४*

## दण्ड जरिवाना

**१४. जरिवानाः**

(१) कसैले पनि नगरपालिकाको अनुमति विना नगरपालिकाको क्षेत्र भित्र पर्ने नदी खोला लगायत अन्य ठाउँबाट नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा ओसार पसार गर्नु गराउनु हुँदैन।

(२) नदीजन्य पदार्थको अवैध रूपमा उत्खनन, सङ्कलन तथा ओसारपसार गरेको फेला परेमा सो सवारी साधनलाई नियन्त्रणमा लिई संलग्न व्यक्तिलाई पक्राउ गरीनेछ ।

(३) राजस्व छली गरी अवैध रूपमा नदीजन्य पदार्थको ओसार पसार गरेको पाईएमा देहाय बमोजिमको जरिवाना गरी मालवस्तु जफत गरीनेछ ।

| | |
|---|---|
| हेभी इक्विपमेण्ट | रू. ४०,०००। |
| टिपर | रू. ३०,०००। |
| ट्रेक्टर | रू. १०,०००। |

(४) उपदफा(२) बमोजिम अवैध रुपमा नदीजन्य पदार्थ ओसारपसार गर्नेलाई पक्राउ गरी पेश गर्नेलाई जरिवाना रकमको ३० प्रतिशत रकम पुरस्कार स्वरूप दिईनेछ।

## *परिच्छेद ५*
## विविधः

**१५. बाधा अड्काउः** यस कार्यविधिमा विरोधाभाष उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१६. विशेष व्यवस्थाः**

(१) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा बिक्रीको लागि ठेक्का नलागेकोमा वा नभएमा वा नगरपालिकाको प्रत्यक्ष संलग्नतामा उत्खनन संकलन तथा बिक्री कार्य नभएको अवस्थामा नगरपालिकाले अमानत लगायत अन्य वैकल्पिक व्यवस्था गरी नदीजन्य पदार्थको कर, शुल्क तथा दस्तुर उठाउन सक्नेछ ।

(२) माथीका दफाहरुमा जुनसुकै कुरा लेखिएता पनि नगरपालिकाबाट संचालित आयोजनामा पाइएको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, माटो तथा दहत्तर बहत्तर) तथा कुनै बहुमूल्य पत्थर, धातु, काठ, दाउराको प्राविधिक प्रतिवेदनको आधारमा नगर कार्यपालिकाले उचित व्यवस्थापन गर्न सक्नेछ ।

**१५. बचाउः** यस कार्यविधिमा भएका व्यवस्थाहरु यसै कार्यविधि अनुसार र यसमा नभएका व्यवस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**१६. कार्यविधि संसोधन, मापदण्ड र कार्ययोजना बनाउन सक्ने :**

(१) नगरकार्यपालिकाले यस कार्यविधिमा आवश्यक्ता अनुसार संसोधन गर्न सक्नेछ साथै यस कार्यविधिको कार्यान्वयनको लागि आवश्यक मापदण्ड र कार्ययोजना बनाई लागू गर्न सक्नेछ ।

*अनुसूची - १*

*(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)*

## <u>नदीको वातावरणीय अवस्था निरिक्षण चेक लिष्ट</u>

| क्र.सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १. | वातावरणीय अध्ययन प्रतिवेदनले औल्याएका विषयहरू अनुसारको व्यवस्था | | |
| २. | बातावरणीय अध्ययन प्रतिवेदनले सङ्कलन तथा उत्खननको लागि तोकेका क्षेत्रहरू परिवर्तन भएको | | |
| ३. | ढुङ्गा, गिट्टी, वालुवा, गेगर जस्ता पदार्थको अवस्था परिवर्तन | | |
| ४. | सङ्कलन, उत्खनन र ढुवानीको लागि नयाँ प्रावधान आवश्यकता | | |
| ५. | नदीले बहाव परिवर्तन गरेको | | |
| ६. | वातावरणीय अध्ययन प्रतिवेदनले औल्याएका पहिलेको अवस्था | | |
| ७. | अघिल्लो वातावरणीय अध्ययन प्रतिवेदनले औल्याए अनुसार सङ्कलन तथा उत्खनन गर्न मिल्ने अवस्था | | |
| ८. | नदीले नयाँ पदार्थ थुपारेको वा बगाएको अवस्था | | |
| ९. | उत्खनन गरीने परिमाण, चौकिल्ला रेखाङ्कन सहितको नाप नक्शा राखेको क्षेत्रको अवस्था यथावत रहेको | | |
| १०. | अन्य | | |

**नोटः वातावरणीय अध्ययन प्रतिवेदनसँग आवद्ध गरी यो निरिक्षण चेक लिष्टको प्रयोग गर्नुपर्नेछ ।**

## *अनुसूची -२*

## *(दफा ६ को उपदफा (४) सँग सम्बन्धित सूचना)*

## नदिजन्य पदार्थको उत्खनन र संकलन तथा ढुवानी सम्बन्धी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति..............)

स्थानीय सरकार ऐन २०७४ , को दफा ६२ क र यस निजगढ नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा.......को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत वातवरणीय अध्ययन प्रतिवेदन तथा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नगरपालिकाले तोकेको सङ्कलन केन्द्रमा तोकिएको मार्ग प्रयोग गरी संकलन गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र , मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र , आ व ........को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

| ठेक्का नं | नदीको नाम | अधिकतम परिणाम(घन फिट ) | औसत दुरी कि.मि. (नदिबाट संकलन केन्द्र सम्मको) | अधिकतम उतखनन् तथा संकलन दर प्रति घन फिट | अधिकतम लागत अनुमान (सेवाशुल्क र मु अ कर बाहेक) | धरौटी रकम (रु) | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

**द्रष्टव्यः** वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम चेन एक्साभेटर तथा ट्रिपर प्रयोग गर्न सकिने छ ।

**शर्तहरु :**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ व २०७८।७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नागरीकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फाराम , दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा...........बैंक शाखा कार्यालय.........मा रहेको यस कार्यालयको खाता नं .............मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ........औ दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मिति सार्वजानिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अंकको .........प्रतिशतको दरले हुन आउने धरौटि रकम यस कार्यालयको ...........मा रहेको धरौटि खाता नं .............जम्मा गरी सोको सक्कल बैंक भौचर वा ........बैंकबाट इजाजत प्राप्त ............बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरी .........दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुको उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताको प्रत्येक पानामा सही छाप गरी सिलबन्दि गरी

खाम बाहिर फर्मको नाम , ठेगाना , कामको विवरण , बोलपत्र विवरण प्रोपराइटरको नाम ठेगान फोन नं मोबाइल नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक प्रकाशित भएको मितिले..........औ दिनको..........बजे भित्र यस कार्यालयमा हार्डकपि दर्ता गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।रितपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको........बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि निर्माण व्यवसायि वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरीनेछ ।

५. प्रि बिड बैठक यो सूचना प्रकाशित मितिले............औ दिनको..........बजे............गाँउपालिका वा नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारि हासिल गर्न सक्नुहुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी रित नपुगि वा शर्तसहित पेश हुन आएका बोलपत्र स्विकार गर्न यस कार्यालय

बाध्य हुने छैन । बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्विकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले........दिन भित्र मु अ कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ........चालिस प्रतिशतले हुगे रकमको बैंक ग्यारेण्टी सहित पेश भएमा सो बराबरको रकम उत्खननकर्तालाई दिईनेछ । पहिलो किस्ता बापतको उत्खनन तथा संकलन पश्चात दोस्रो किस्ता वा कबोल अंकको तीस प्रतिशतले हुन आउने रकम भुक्तानी माग भई आएमा सो बराबरको बैंक ग्यारेण्टी कार्यालयले लिई दोस्रो किस्ता रकम उपलब्ध गराइनेछ ।अन्तमा दोस्रो किस्ता बापतको उत्खनन तथा संकलन पश्चचात तेस्रो किस्ता वा कबोल अंकको तीस प्रतिशतले हुन आउने रकम भुक्तानी माग भई आएमा पुन सो बराबरको बैंक ग्यारेण्टी कार्यालयले लिई तेस्रो तथ अन्तिम किस्ता रकम उपलब्ध गराइनेछ ।

८. तोकिएको समयमा उत्खनन तथा संकलन नगरेमा धरौटि रकम जफत गरी नियमानुसार बोलपत्र बान्दोबस्त गरीनेछ ।यस नगरपालिकाका नदि तथा नदिहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र निजगढ नगरपालिकाको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा, माटो, दहत्तर बहत्तर) उत्खनन संकलन र बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७९ तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिने छ ।

*अनुसूची -३*

*दफा ६ को उपदफा ४ सँग सम्बन्धित*

*ठेक्का सम्झौता फारम*

**निजगढ नगरपालिकाको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी ,वालुवा, माटो उत्खनन् र संकलन तथा ढुवानी सम्बन्धी**

**सम्झौता पत्र**

लिखितम्.....................नाती ................छोरा ..................जिल्ला ...............गाउँपालिका वा नगरपालिका वडा नं.......स्थायी घर भई हाल ...............गाउँपालिका वा नगरपालिका वडा नं...............मा बसोबास गर्दै आएका बर्ष ....को ....ले तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा ठेक्का बन्दोबस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति ................को ठेक्का नं.को सूचना बमोजिम ढुङ्गगा गिट्टी र वालुवा उत्खनन तथा सङ्कलनका लागि तपाईं समेतले पेश गर्नु भएको बोलपत्र मूल्याङ्गन गर्दा आ.व.........का लागि ........रु (.मु.अ कर बाहेक)मा तपाईसँग ठेक्का समझौता गर्न मिति .....मा यस कार्यालयबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलको शर्त बमोजिम तपसिल बमोजिमका क्षेत्रमा निजगढ नगरपालिकाको तर्फबाट ढुङ्गगा गिट्टी र वालुवा उत्खनन तथा सङ्गकलन गर्ने ठेक्काको मञ्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु ।

**तपसिलः**

१. यस सम्झौता पत्रमा उल्लेख गरीए बमोजिमका क्षेत्र र शर्तको अधिनमा रही आ.व....का लागि मिति.......गते देखि... सम्मको लागि प्रचलित कानूनको अधिनमा रही ढुङ्गगा गिट्टी र वालुवा उत्खनन तथा संकलनको काम गर्नेछु ।

२. यसै नगरपालिकाको क्षेत्रभित्र रहेका ................................ खोलाबाट तोकिएका मालबस्तुहरुको उत्खन्न तथा संकलन कार्यका लागि अग्रिम एकमुष्ट वा प्रथम किस्ता बापतको रकम धरौटी स्वरुप रु.........बराबरको बैंक ग्यारेण्टी पेश गरेको छु ।

३. सो उत्खन्न र संकलन कार्यका लागि नगरपालिकाबाट निर्धारण भएको बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क दस्तुर ईत्यादि थप गरी लिनै छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनाधिकृत कार्य गरेको पाईएमा नियमानुसार कारवाही र सजाय भएमा मलाई मन्जुर छ ।

४. नदीजन्य पदार्थहरु निर्धारित स्थानबाट उत्खन्न गर्नुपर्नेछ ।

५. उत्खन्न गर्दा नजिक रहेको वन तथा खोला नालाको किनारा घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा कुलो बाँधमा क्षति नहुने गरी उत्खन्न गर्नु पर्नेछ ।

६. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ २०० मिटरभित्र निर्माण सामग्रीहरु उत्खन्न गर्न पाईनेछैन ।

७. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि मिति ..... सम्म विहान ७ बजे देखि बेलुका ५ बजेसम्म मात्र उत्खन्न एवं संकलन समय अवधि हुनेछ ।

८. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली मालबस्तु उठाई अन्यत्र लगेको वा सटक गरेको फेला परेमा त्यस्तो मालबस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

९. उत्खन्न पश्चात काम नलाग्ने भनि छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो सोही स्थलमा लगी पूर्व अवस्थामा छोडनु पर्नेछ । नदीको धार बदलिने गरी उत्खन्न गर्न पाईनेछैन ।

१०. नदीजन्य पदार्थको उत्खन्न गर्न कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार

स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उतखन्न् तथा संकलनको प्रबन्ध मिलाउनु पर्नेछ ।

११. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ ।साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ।

१२. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खन्न तथा संकलन गर्नुपर्नेछ ।

| नगरपालिकाको तर्फबाट | ठेकेदारको तर्फबाट |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : प्रमुख प्रशासकीय अधिकृत | प्रोपराईटर : |
| कार्यालयको छाप : | फर्मको छाप : |

ईति सम्वत .....साल ....महिना....गते रोज ....शुभम ।

## *अनुसूची -४*
## *(दफा ६ को उपदफा ४ सँग सम्बन्धित)*
## उत्खनन तथा सङ्कलन पट्टाको फाराम

निजगढ नगरपालिकाबाट श्री ..................................... को नाती श्री ............................... को छोरा ............ जिल्ला ................................ गा. पा. वा न. पा. वडा नं. ........... स्थायी घर भई हाल ............ गा. पा. वा न. पा. वडा नं. ........... मा बसोवास गर्दै आएको वर्ष .............. को .......................... ले ..................... कानून बमोजिम ..................................... नगरपालिकाको निमित्त तपशिल बमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा तपशिल बमोजिमको दरले आय रकम सङ्कलन गर्न ठेक्का बन्दोवस्त गरी यस .................... नगरपालिकाबाट बोलपत्र अह्वान गरिए अनुसार तपाईं समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ. व. .................... को लागि रू. ........................ । — (मू. अ. कर बाहेक) अक्षेरेपी ..................... मात्रमा ठेक्का दिने गरी तपाईं सँग ठेक्का बन्दोवस्त गर्न मिति ............................ मा यस नगरपालिकाबाट भएको निर्णय अनुसार तपशिलका शर्त बमोजिम हुने गरी आय सङ्कलन गर्न मञ्जुरी भई कवुलियत गरीदिनु भएको हुँदा कबुलियत बमोजिम घटीबढी नपारी तपशिलमा लेखिए बमोजिमको मिति भित्र नगरपालिकालाई सम्पूर्ण किस्ताको रकम रू. ........................... । वा प्रथम किस्ता बापतको रकम रू. ........................... बुझाई मिति .............. देखि मिति ......................... सम्म अ. व. ............ को लागि देहाय बमोजिमका श्रोतहरूबाट देहाय बमोजिमको दरमा बिक्रि मूल्य तथा शुल्क सङ्कलन गर्नुहोला । तपाईले गरी दिनु भएको सम्झौता र यो पट्टाको बर्खिलाप

कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारि बिक्री मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईंसँग भएको ठेक्का तोडी तपाईंको नाम कालो सूचीमा राखिने र त्यसबाट यस नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईंले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरीनेछ । पछि तपाईंको कुनै कुरामा उजुर दावी लाग्ने छैन भनी आजै यस .................... नगरपालिकाबाट ठेक्का चलनको पुर्जी गरीदिईएको छ ।

**तपशिल**

१. सम्झौतामा उल्लेख गरीए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ. व. ............. को सम्पूर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रू. ......................... । बुझाई ............ साल .............. महिना .............. गते देखि ............... साल .......... महिना .............. गते सम्मलाई प्रचलित कानूनको अधिनमा रही नगरपालिकाको आय सङ्कलन गर्ने ।

२. उक्त आय सङ्कलन गर्नको निमित्त .................... नगरपालिका क्षेत्र भित्र रहेका यसै साथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य वा शुल्कको रूपमा आय सङ्कलन गर्नेछु । यसरी आय सङ्कलन गर्दा करदातालाई दिईने भरपाई रसीद यसै नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

३. सो आय सङ्कलन गर्न नगरपालिकाको कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरीए बाहेकका रसिदहरू प्रयोग गरी आय सङ्कलन गरीने छैन ।यदी कुनै अनधिकृत रकम असूल उपर गरेको

वा अनधिकृत रसिदहरू प्रयोग गरेको पाईएमा नियमानुसार कार्वाही र सजाय हुनेछ ।

४. अन्य कुराहरू तपाईं र यस नगरपालिका कार्यालय वीच भएको सम्झौता बमोजिम हुनेछ ।

५. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन, सङ्कलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परीमाण मात्र गर्नु पर्नेछ ।

| सि. नं. | नदीजन्य पदार्थ उत्खनन गर्ने स्थान र नदीको नाम | वालुवा (क्यू.फि.) | ढुङ्गा (क्यू.फि.) | ग्राभेल/गिट्टी (क्यू.फि.) | माटो (क्यू.फि.) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

## *अनुसूची - ५*

## *(दफा ७ (२) सँग सम्बन्धित)*

## <u>नदी प्रवेश आदेश</u>

ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरीनु पर्ने परीमाण नियन्त्रण तथा नदी प्रवेश आदेश ।

नदीको नामः ........................................

नाका वा स्थानको नामः ...................................

प्रवेश आदेश मितिः .................................   समयः ..................

प्रवेश आदेश नं. .....................

<u>**नदी प्रवेश आदेश विवरण**</u>

१. ढुवानी गरी लैजाने नाकाको नामः ..........................................
   ठेगानाः ............................ सम्पर्क फोन न. :......................

२. ढुवानी गरीने पदार्थको नामः

३. ढुवानी गरी लैजाने साधनको नामः ......................................
   सवारी दर्ता नं. ...............

४. निकाली लैजाने पदार्थको परीमाणः .................. घन फिटः .........

५. ढुवानी गरी लैजाने स्थानः ......................................................

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः ........................................
   (जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने),
   (क) निजी निर्माण
   (ख) सार्वजनिक निर्माण
   (ग) प्रशोधन पछि बिक्री

(घ)  घाटगद्दी स्थानमा

(ङ)  अन्य (प्रयोजन खुलाउने)

(नोटः यो आदेश नलिई ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसारपसार गर्न र संचय वा भण्डारण गर्न निषेध गरिएको छ । कहीं कतै त्यस्तो पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।)

| | |
|---|---|
| प्रवेश आदेश दिने कर्मचारीको नाम थरः .... | ठेकेदार वा प्रतिनिधिको नाम थरः ... |
| सहिः ........................ | सहिः ........................ |

*अनुसूची ६*

*(दफा ७ (३) सँग सम्बन्धित)*

## पटके प्रवेश आदेश

ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन सङ्कलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरीनु पर्ने परीमाण नियन्त्रण तथा नदी प्रवेश आदेश

नदी नामः .......................................

नाका वा स्थानको नामः ................................

प्रवेश आदेश मितिः ................................ समयः .....................

प्रवेश आदेश नं. ....................

**नदी प्रवेश आदेश विवरण**

१. ढुवानी गरी लैजाने नाकाको नामः ..........................................
ठेगानाः .......................... सम्पर्क फोन न. : ......................

२. ढुवानी गरीने पदार्थको नामः

३. ढुवानी गरी लैजाने साधनको नामः .......................................
सवारी दर्ता नं. ...............

४. निकाली लैजाने पदार्थको परीमाणः ................. घन फिटः ..........

५. ढुवानी गरी लैजाने स्थानः ......................................................

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः .......................................
(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने),
(क) निजी निर्माण
(ख) सार्वजनिक निर्माण

(ग) प्रशोधन पछि बिक्री

(घ) अन्य (प्रयोजन खुलाउने)

(**नोटः** यो आदेश नलिई ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसारपसार गर्न र संचय वा भण्डारण गर्न निषेध गरिएको छ । कहीकतै त्यस्तो पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।)

प्रवेश आदेश दिने कर्मचारीको नाम थरः ....
सहिः ........................

ठेकेदार वा प्रतिनिधिको नाम थरः ...
सहिः ........................

*अनुसूची - ७*

*(दफा ८ (१) (घ) सँग सम्बन्धित)*

## उत्खननकर्ताले राख्ने दैनिक उत्खनन अभिलेख

खानी वा नदीबाट ढुङ्गा, गिट्टी र वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन ओसारपसार कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उत्खनन स्थान अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख ।

नाका वा स्थान भएको खानी वा नदीको नामः-

उत्खनन गरिएको नाका वा स्थानको नामः-

| क्र.सं. | उत्खनन गरिएको मिति | उत्खनन गरिएको परीमाण | उत्खननकर्ता वा प्रतिनिधिको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |

मितिः

*अनुसूची- ८*

*(दफा ८ (१) (घ) सँग सम्बन्धित)*

## दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरीज

नदीजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन र सङ्कलन कार्यको लागि बतावरणीय अध्ययन कार्यान्वयनका सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरीने अभिलेख तेरीज ।

नदी वा खानीको नामः-

नाकाको नामः-

मितिः

| क्र.सं. | ढुवानी मिति | पटके बिक्री आदेश नं. | पटके बिक्री भएको परिमाण | बिक्री भएको पदार्थ लैजाने सवारी नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

मितिः

*अनूसूची -९*

*(दफा ९ को उपदफा २ सँग सम्बन्धित)*

## <u>नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना</u>

**प्रथम पटक प्रकाशित मिति :२०७९/ /**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२क. र यस निजगढ नगरपालिकाको आर्थिक ऐन,२०.. र निजगढ नगरपालिकाको नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, वालुवा, माटो, दहत्तर बहत्तर) उत्खनन, संकलन र बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७९ को दफा.... को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित स्वीकृत घाटगद्दी भएका प्लटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी गाउँपालिका वा नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम (घाटगद्धी स्थलको नाम र प्लट नं.) | उत्खनन् परिमाण (घनफिट) | न्यूनतम कबोल रकम (सेवाशुल्क र मु. अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |

१. ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंकको साथै उत्खननको लागि उल्लिखित परिमाणको आधारमा बिक्री शुल्क बापतको दरले हुन आउने रकम समेतको हिसाबले

नियमानुसार थप .....प्रतिशतको दरले मु.अ.कर रकम समेत गरी एकमुष्ट वा ....किस्तामा ....प्रतिशतका दरले ....भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ ।

२. नेपाल सरकार वा नगरपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईने छैन ।

३. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

४. बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होडिङ बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ ।

५. ठेक्का सम्बन्धमा कुनै बिवाद परेमा त्यस्तो बिवादको समाधान प्रचलित कानून बमोजिमको हुनेछ ।

६. तोकिएको म्याद भित्र ठेकेदारले नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको २५% का दरले ब्याज समेत ठेकेदारबाट नगरपालिकाले असुल गर्नेछ ।

७. नगरपालिकाले बिक्री मूल्य वा शुल्क कर असूल गरीसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाईने छैन ।

८. प्रचलित ऐन,नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

९.	सामान्य निर्माणमुखी नदीजन्य उत्खनन् संकलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

१०.	नदीबाट नदीजन्य पदार्थहरु उत्खनन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन ।

११.	ठेकेदारले यस समंझौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा गाउँपालिका वा नगरपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्गन भएको पाईएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोडन सक्नेछ र यसबाट ठेकेदारदलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन ।

१२.	साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्दा भौतिक,जैविक,सामाजिक,आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा गिट्टी,वालुवा आदि संकलन तथा ढुवानी गर्नु पर्नेछ ।

१३.	साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नुपर्नेछ । सो बापत लागेको खर्च गाउँपालिका वा नगरपालिकामा दाबी गर्न पाईने छैन ।

१४.	उत्खनन् गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो,बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ ।

१५.	कल्भर्ट, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाईनैछैन ।

१६.	मुख्य मार्गबाट बोल्डर,ग्राभेल,वालुवा उत्खनन् गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनिको मन्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भए

जाने भए वन कार्यालयसँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु सँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्ने छ ।

१७. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि .....साल जेष्ठ मसान्त सम्म बिहान ५ बजे देखि बेलुका ........बजे सम्म मात्र उत्खनन् एंव बिक्री समय अवधि हुनेछ ।

१८. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खन्न तथा बिक्री कार्यमा एक्साभेटर, डोजरजस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

१९. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली मालबस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्सस्तो मालबस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

२०. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन तथा बिक्री गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुको प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन तथा बिक्री प्रबन्ध मिलाउनु पर्नेछ ।

२१. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

२२. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालन गरी नदी जन्य पदार्थ उत्खनन् तथा बिक्री गर्नु पर्नेछ ।

२३. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

*अनुसूची -१०*

*(दफा ९ को उपदफा २ सँग सम्बन्धित)*

*ठेक्का सम्झौता फारम*

## निजगढ नगरपालिकाको नदीजन्य पदार्थ ढुङ्गगा, गिट्टी ,वालुवा, माटो बिक्री सम्बन्धी सम्झौता पत्र

लिखितम्.....................नाती ................छोरा ..................जिल्ला ..............गाउँपालिका वा नगरपालिका वडा नं.......स्थायी घर भई हाल ..............गाउँपालिका वा नगरपालिका वडा नं..............मा बसोबास गर्दै आएका बर्ष ....को ....ले तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा ठेक्का बन्दोबस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति ................को ठेक्का नं.को सूचना बमोजमि ढुङ्गा, गिट्टी र वालुवा उत्खन्न तथा सङ्ककलनका लागि तपाईँ समेतले पेश गर्नु भएको बोलपत्र मूल्याङ्गन गर्दा आ.व.........का लागि ........रु(.मु.अ कर बाहेक)मा तपाई सँग ठेक्का समझौता गर्न मिति .....मा यस कार्यालयबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलको शर्त बमोजिम तपसिल बमोजिमका क्षेत्रमा निजगढ नगरपालिकाको तर्फबाट ढुङ्गगा गिट्टी  र वालुवा उत्खन्न तथा सङ्गकलन गर्ने ठेक्काको मञ्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु ।

**तपसिलः**

१. यस सम्झौता पत्रमा उल्लेख गरीए बमोजिमका क्षेत्र र शर्तको अधिनमा रही आ.व....का लागि मिति.......गते देखि... सम्मको लागि प्रचलित कानूनको  अधिनमा रही ढुङ्गा, गिट्टी र वालुवा उत्खन्न तथा संकलनको काम गर्नेछु ।

२. यसै नगरपालिकाको क्षेत्रभित्र  रहेका बकैया,धन्सार लालखोला बगरखोला भक्तलाल र शक्तिखोलाबाट तोकिएका मालबस्तुहरुको

उत्खन्न तथा संकलन कार्यका लागि अग्रिम एकमुष्ट वा प्रथम किस्ता बापतको रकम धरौटी स्वरुप रु.........बराबरको बैंक ग्यारेण्टी पेश गरेको छु ।

३. सो उत्खन्न र संकलन कार्यका लागि नगरपालिकाबाट निर्धारण भएको बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क दस्तुर ईत्यादि थप गरी लिनै छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनाधिकृत कार्य गरेको पाईएमा नियमानुसार कारवाही र सजाय भएमा मलाई मन्जुर छ ।

४. नदीजन्य पदार्थहरु निर्धारित स्थानबाट उत्खन्न गर्नुपर्नेछ ।

५. उत्खन्न गर्दा नजिक रहेको वन तथा खोला नालाको किनारा घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा कुलो बाँधमा क्षति नहुने गरी उत्खन्न गर्नु पर्नेछ ।

६. कल्भर्ट सडक बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ २०० मिटरभित्र निर्माण सामग्रीहरु उत्खन्न गर्न पाईनेछैन ।

७. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि मिति .....सम्म विहान ७ बजे देखि बेलुका ५ बजेसम्म मात्र उत्खन्न एवं संकलन समय अवधि हुनेछ ।

८. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली मालबस्तु उठाई अन्यत्र लागेको वा सटक गरेको फेला परेमा त्यस्तो मालबस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

९. उत्खनन पश्चात काम नलाग्ने भनि छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो सोही स्थलमा लगी पूर्व अवस्थामा छोडनु पर्नेछ । नदीको धार बदलिने गरी उत्खन्न गर्न पाईनेछैन ।

१०. नदीजन्य पदार्थको उत्खन्न गर्न कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार

स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उतखन्न् तथा संकलनको प्रबन्ध मिलाउनु पर्नेछ ।

११. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ ।साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ।

१२. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खन्न तथा संकलन गर्नुपर्नेछ ।

| नगरपालिकाको तर्फबाट | ठेकेदारको तर्फबाट |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : प्रमुख प्रशासकीय अधिकृत | प्रोपराईटर : |
| कार्यालयको छाप : | फर्मको छाप : |

ईति सम्वत .....साल ....महिना....गते रोज ....शुभम ।

## *अनुसूची -११*

## *(दफा ९ को उपदफा २ सँग सम्बन्धित)*

## <u>बिक्री पट्टाको फाराम</u>

निजगढ नगरपालिकाबाट श्री ..................................... को नाती श्री ............................... को छोरा ............ जिल्ला ................................ गा. पा. वा न. पा. वडा नं. .......... स्थायी घर भई हाल ............ गा. पा. वा न. पा. वडा नं. ........... मा बसोवास गर्दै आएको वर्ष .............. को ......................... ले ..................... कानून बमोजिम ................................. नगरपालिकाको निमित्त तपशिल बमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा तपशिल बमोजिमको दरले आय रकम सङ्कलन गर्न ठेक्का बन्दोवस्त गरी यस ............ नगरपालिकाबाट बोलपत्र अह्वान गरीए अनुसार तपाईं समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ. व. .................... को लागि रू. ........................ । — (मू. अ. कर बाहेक) अक्षेरेपी .................... मात्रमा ठेक्का दिने गरी तपाईं सँग ठेक्का बन्दोवस्त गर्न मिति ............................ मा यस नगरपालिकाबाट भएको निर्णय अनुसार तपशिलका शर्त बमोजिम हुने गरी आय सङ्कलन गर्न मञ्जुरी भई कवुलियत गरीदिनु भएको हुँदा कबुलियत बमोजिम घटिबढि नपारी तपशिलमा लेखिए बमोजिमको मिति भित्र नगरपालिकालाई सम्पूर्ण किस्ताको रकम रू. ........................... । वा प्रथम किस्ता बापतको रकम रू. ........................... बुझाई मिति .............. देखि मिति ........................ सम्म अ. व. ............ को लागि देहाय बमोजिमका श्रोतहरूबाट देहाय बमोजिमको दरमा बिक्रि मूल्य तथा शुल्क सङ्कलन गर्नुहोला । तपाईले गरी दिनु भएको सम्झौता र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारि बिक्रि मूल्य

वा शुल्क असुल गरेको ठहरे तपाईंसँग भएको ठेक्का तोडी तपाईंको नाम कालो सूचीमा राखिने र त्यसबाट यस नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईंले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरीनेछ । पछि तपाईंको कुनै कुरामा उजुर दावी लाग्ने छैन भनी आजै यस .................. नगरपालिकाबाट ठेक्का चलनको पुर्जी गरीदिईएको छ ।

**तपशिल**

१. सम्झौतामा उल्लेख गरीए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ. व. ............ को सम्पूर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रू. ........................ । बुझाई ............ साल .............. महिना .............. गते देखि ............... साल .......... महिना .............. गते सम्मलाई प्रचलित कानूनको अधिनमा रही नगरपालिकाको आय सङ्कलन गर्ने ।

२. उक्त आय सङ्कलन गर्नको निमित्त .................. नगरपालिका क्षेत्र भित्र रहेका यसै साथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य वा शुल्कको रूपमा आय सङ्कलन गर्नेछु । यसरी आय सङ्कलन गर्दा करदातालाई दिईने भरपाई रसीद यसै नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

३. सो आय सङ्कलन गर्न नगरपालिकाको कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरीए बाहेकका रसिदहरू प्रयोग गरी आय सङ्कलन गरिने छैन ।यदी कुनै अनधिकृत रकम असूल उपर गरेको वा अनधिकृत रसिदहरू प्रयोग गरेको पाईएमा नियमानुसार कार्वाही र सजाय हुनेछ ।

४. अन्य कुराहरू तपाईं र यस नगरपालिका कार्यालय वीच भएको सम्झौता बमोजिम हुनेछ ।

५. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन, सङ्कलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परीमाण मात्र गर्नु खपर्नेछ ।

| सि. नं. | नदीजन्य पदार्थ उत्खनन गर्ने स्थान र नदीको नाम | वालुवा (क्यू.फि.) | ढुङ्गा (क्यू.फि.) | ग्राभेल/गिट्टी (क्यू.फि.) | माटो (क्यू.फि.) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

**<u>आज्ञाले:</u>**

नामः राजमणि निरौला

पदः प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७९।१२।१३

पृष्ठ संख्याः ४४